# गोकर्णेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जोरपाटी, काठमाडौं
वागमती प्रदेश, नेपाल

## बालुवा, माटो लगायतको निकासी कर संकलनको आन्तरिक आय ठेक्का सम्बन्धी
## बोलपत्र फाराम

बोलपत्रदाताको नाम:

बोलपत्रदाताको ठेगाना:

प्रोपाइटरको नाम:

आ.व.२०८३/८४

याम नारायण गौली
प्रमुख प्रशासकीय अधिकृत

गोकर्णेश्वर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय,

# जोरपाटी, काठमाडौं,

# वागमती प्रदेश, नेपाल ।

आ.व. २०८३/८४ को लागि बालुवा, माटो लिई गुड्ने सवारी साधनहरुबाट कर संकलनको आन्तरिक आय ठेक्का सम्बन्धी बोलपत्र आह्वानको तिन (३) दिने सूचना

पहिलो पटक प्रकाशित मितिः २०८३/०४/०४

दोस्रो पटक प्रकाशित मितिः २०८३/०५/०१

तेस्रो पटक प्रकाशित मिति :२०८३/०६/२२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उप दफा २ (घ) को ६ तथा यस गोकर्णेश्वर नगरपालिकाको आर्थिक ऐनमा व्यवस्था भए बमोजिम आ.व. २०८३/८४ को सम्झौता भएको मिति देखि मिति २०८४ असार मसान्तसम्मको अवधिका लागि देहाय बमोजिम यस गोकर्णेश्वर नगरपालिका क्षेत्रमा वालुवा, माटो लिई गुड्ने सवारी साधनहरुबाट निकासी शुल्क, दस्तुर संकलनको आन्तरिक आय ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले कर संकलन गर्ने सम्बन्धी ठेक्का लिन इच्छुक फर्म/कम्पनीहरुले बोलपत्र पेश गर्ने प्रयोजनका लागि मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, फर्म नवीकरण, आ.व. २०८१/८२ सम्मको कर चुक्ता प्रमाणपत्र र बोलपत्र फारम दस्तुर रु ३०००/- ( फिर्ता नहुने ) सहित तोकिएको न्यूनतम अंकमा नघट्ने गरी यो बोलपत्र आह्वान गरिएको छ ।

तपसिल

| शुल्क तथा दस्तुर संकलन क्षेत्र | न्युनतम ठेक्का मूल्य रु | बोलपत्र फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|
| गोकर्णेश्वर नगरपालिका क्षेत्र भित्र | रु.१,५०,००,०००/- (अक्षरुपी- एक करोड पचास लाख मात्र ) | रु. ३०००/- ( अक्षरुपी – तीन हजार मात्र ) | मु.अ.कर बाहेक |

सर्तहरु

१) बोलपत्र खरिद गर्न इच्छुक बोलपत्रदाताले यस कार्यालयमा मू.अ.कर दर्ता प्रमाण पत्र, आ.व. २०८१/०८२ सम्मको फर्म नविकरण, आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्र र बोलपत्र फारम दस्तुर रु ३०००/- ( फिर्ता नहुने ) पेश गरी मिति २०८३/०६/२६ गते कार्यालय समय भित्र यस कार्यालयबाट बोलपत्र खरिद गरि २०८३/०६/२७ गते दिनको १२.०० बजे सम्म यस कार्यालयमा स्वयं उपस्थित भइ/कुरियर/हुलाक मार्फत बोलपत्र दाखिला गरि सक्नुपर्नेछ र बोलपत्र मिति २०८३/०६/२७ गते दिनको १.०० बजे प्रतिनिधिको रोहवरमा यसै कार्यालयमा खोलिने छ । प्रस्ताव खोल्ने समयमा प्रस्तावदाता वा निजको प्रतिनिधी उपस्थित नभएपनि प्रस्ताव खोल्न बाधा पर्ने छैन । बोलपत्र पुस्तिका यस नगरपालिकाको website www.gokarneshwor.gov.np बाट प्राप्त गर्न सकिने छ ।

२) धरौटी वापत कवोल अंकको ५ (पाँच) प्रतिशतले हुने जमानतको रकम यस कार्यालयको कृषि विकास बैंक जोरपाटी शाखामा रहेको खाता नं. ०२१०८०११४६१५६०८३ मा रकम जम्मा गरेको सक्कल भौचर वा सूचनामा जारी भएको मितिले कम्तीमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त ' क ' वर्गको वाणिज्य बैंकको बैंक ग्यारेन्टी (विडवन्ड) या कार्यालयमा स्वयं उपस्थित भइ/कुरियर/हुलाक मार्फत तोकीएको समय भित्र पेश गर्नु पर्ने छ ।

याम नारायण गौली
प्रमुख प्रशासकीय अधिकृत

३) वोलपत्र फारम खरिद एवं दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सो दिन पछि कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

४) नेपाल सरकारको प्रचलित कानुन बमोजिम लाग्ने आय कर, मुल्य अभिवृद्धि कर तथा शुल्कहरु प्रस्तावक स्वयंले तिर्नुपर्नेछ । कार्यालयम बुझाउनु पर्ने सम्पुर्ण रकम र सो मा लाग्ने कर समेत बुझाईसकेपछि मात्र धरौटी फिर्ता हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

**द्रष्टव्य:**

१) बालुवा, माटो लगायतको कर तथा शुल्क संकलनको लागि निम्नानुसारको दररेट निर्धारण गरिएको छ ।

तपसिल

| क्र. सं. | विवरण | इकाई | दर(संकलन शुल्क) |
|---|---|---|---|
| १ | बालुवा, ढुंगा, चुनढुंगा, खरिढुंगा, गिट्टी, ग्राभेल, रोडा । | प्रति घन फिट | बागमती प्रदेश सरकारको आ.व २०८३/८४ को आर्थिक ऐनमा उल्लेखित दररेट बमोजिम हुने । |
| २ | माटो | प्रति घन फिट | |

२) वोलपत्र दाताले BOQ मा आफुले कवुल गरेको रकम अंक र अक्षरमा केरमेट नगरिकन [illegible] स्पष्टसंग लेख्नुपर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा [illegible]

३) कुल कवोल अंकलाई दुई किस्ता कायम गरिने छ । पहिलो किस्ता वापत कुल कवोल अंकको ५० प्रतिशतले हुने रकम सम्झौता हुनु अगावै बुझाउनु पर्ने छ र वाकी ५० प्रतिशत बराबर हुन आउने रकमको मिति २०८४ साल असार मसान्तसम्मको अवधिको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गको वाणिज्य बैंकको कार्य सम्पादन ग्यारेन्टी (परफरमेन्स वण्ड) पेश गर्नु पर्ने छ र उक्त ५० प्रतिशत बराबरको रकम बैशाख मसान्त भित्र बुझाई सक्नु पर्नेछ र यसरी पुरै रकम बुझाई सकेपछि मात्र माथि उल्लेखित बैंक ग्यारेन्टि फुकुवा गरिनेछ ।

४) बोलपत्र स्विकृत भई सम्झौता भए पश्चात कुनै किसिमको छुट वा मिनाहा दिइने छैन ।

५) बोलपत्र स्विकृत गर्ने आशयको सुचना प्रकाशित भए पश्चात निर्धारित समय भित्र कार्यालयमा सम्झौता गरि सक्नुपर्ने छ ।

६) बोलपत्र फारममा अंक र अक्षरमा केरमेट नगरि स्पष्ट सँग लेख्नु पर्ने छ ।

७) यस सुचनामा उल्लेख भएका कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुने छ ।

८) विशेष अवस्थामा सुचनामा उल्लेखित शर्त र समय हेरफेर गर्न र बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस नगरपालिकाको कार्यालयमा निहित रहने छ ।



प्रमुख प्रशासकीय अधिकृत

९) यस सम्बन्धी विस्तृत जानकारी गोकर्णेश्वर नगरपालिकाको कार्यालय, जोरपाटी,काठमाडौंबाट प्राप्त गर्न सकिने छ ।

१०) आ. व. २०८३/८४ का लागि कर संकलन मिति सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

# गोकर्णेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# जोरपाटी काठमाडौं
## बालुवा, माटो लगायतको कर तथा शुल्क संकलनको ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी सर्तहरु

१.. बोलपत्र फारम साथ धरौटी बापत कबोल अंकको ५ (पाँच) प्रतिशतले हुने जमानतको रकम यस कार्यालयको नाममा जोरपाटी स्थित कृषि विकास बैंकको धरौटी खाता नं स.अ.२१०८०११४६१५६०८३ मा जम्मा गरेको भौंचर वा सूचनामा जारी भएको मितिले कम्तीमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" बर्गको वाणिज्य बैंकको ग्यारेन्टी (विडबन्ड) सहित संस्था दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र तथा मूल्य अभिबृद्धि कर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न हुनु पर्नेछ ।

२.. बोलपत्र साथ सम्वन्धित बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको र पेशा सम्वन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा व्यक्त गरेको घोषणा कागजातमा अनिवार्य रुपमा हस्ताक्षर गरेको र सहिछाप लगाएको हुनु पर्नेछ ।

३.. पेश भएका बोलपत्रहरु मिति २०८३/०६/२७ गते दिनको १.०० बजे नगरपालिकाको भवन जोरपाटीमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । निजहरु उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४.. बोलपत्र फाराम खरिद गर्ने र दाखिला गर्ने दिन सार्बजनिक विदा परेमा सो पछि क्रमश कार्यालय खुलेको दिनलाई मानिने छ ।

५.. बिल अफ क्वाण्टिटिजमा निर्दिष्ट भए अनुसार एकमुष्ठ इकाई दर तथा जम्मा कबोल रकम उल्लेख गरी सो को जोड जम्मा रकममा मूल्य अभिबृद्धि कर (VAT) समेत जोडि कूल जम्मा अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईने छ ।

राम नारायण गौली
प्रमुख प्रशासकीय अधिकृत

६. रित नपुगेको वा केरमेट भै अंक/अक्षर नबुझिने तथा बोलपत्र दाताको हस्ताक्षर नभएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

७. बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।

८. यो सूचनामा नपरेका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ ( संसोधन सहित ) र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा अन्य प्रचलित कानून बामोजिम हुने छ । विस्तृत जानकारी लिन चाहेमा नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

याम नारायण गौली
प्रमुख प्रशासकीय अधिकृत

## बोलपत्रका सामान्य शर्तहरू/विशेष शर्तहरु /Instructions to Bider

१. यस नगरपालिकाको website www.gokarneshwormun.gov.np मार्फत Download गरि बोलपत्र पुस्तिका प्राप्त गर्न सकिने छ । बोलपत्र मा उल्लेख भएको BoQ मा वोल कवोल अंक भरी आवश्यक कागजात सहित मिति २०८३/०६/२७ गते दिनको १२.०० बजे भित्र बोलपत्र दाखिला गरि सक्नुपर्नेछ ।

२. बोलपत्र फारम साथ धरौटी बापत कबोल अंकको ५ (पाँच) प्रतिशतले हुने जमानतको रकम यस कार्यालयको नाममा जोरपाटी स्थित कृषि विकास बैंकको धरौटी खाता नं स.अ. २१०८०११४६१५६०८३ मा जम्मा गरेको सक्कल भौंचर वा सूचनामा जारी भएको मितिले कम्तीमा १२० दिन म्याद भएको यस कार्यालयको नाममा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकको ग्यारेन्टी (विडबन्ड) अपलोड गर्नु पर्ने छ ।

३. यस कार्यालयमा तोकिएको समय भित्र दर्ता भएका बोलपत्रहरु मिति २०८३/०६/२७ गते दिनको १:०० बजे यस नगरपालिकामा बोलपत्रदाता वा निजहरुको अधिकृत प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजहरूको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोलिने कार्य रोकिने छैन । बोलपत्र खोलिने दिन विदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन सोही समयमा बोलपत्रहरू खोलिने छन् ।

४. बोलपत्रदाताहरूले बोलपत्र दाखिला गर्नु अगावै यसैसाथ दिइएको बोलपत्र डकुमेन्टहरू (करारका सामान्य शर्तहरू, बील अफ क्वाण्टिटिज, बोलपत्रका शर्तहरू, बोलपत्र ग्राह्य हुने आधारहरु, बोलपत्र मूल्यांकनको तरिका आदि) राम्ररी अध्ययन गरी सम्झी बुझी दरभाउ पत्र फाराम भर्नु पर्नेछ । बोलपत्र कागजातमा केही कुरा नवुझेमा नगरपालिकाका सम्वन्धित अधिकारीवाट स्पष्ट गर्न सकिनेछ ।

५. बोलपत्र दाखिला गर्दा यसैसाथ दिइएको बील अफ क्वाण्टिटिज अनुसार नै भ्याट वाहेकको दररेट अंक र अक्षरमा भरी जम्मा रकम उल्लेख गरी सो मा भ्याट जोडी हुन आउंने कुल जम्मा रकम अंक र अक्षरमा समेत खुलाई सम्पूर्ण बोलपत्र डकुमेण्टमा हस्ताक्षर गरी फर्मको छाप लगाई दाखिला गर्नु पर्नेछ । साथै वोल अंक नेपाली मुद्रामा उल्लेख गर्नु पर्नेछ ।

६. पेश भएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्वन्धी सम्पूर्ण अधिकार यस नगरपालिकामा सुरक्षित रहने छ ।

७. बोलपत्रको बील अफ क्वाण्टिटिजमा उल्लेख भएको परिमाणको मात्र संकलन शुल्क तथा बिक्री शुल्क स्वीकृत दररेटमा लिन पाइने छ । स्वीकृत दररेटमा हेरफेर हुने छैन ।

८. नेपाल सरकार र स्थनिय सरकारलाई तिर्नु पर्ने कुनै पनि किसिमको कर आदि रकम आपूर्तिकर्ता स्वयंले व्यहोर्नु पर्नेछ ।

९. कुल कवोल अंकलाई दुई किस्ता कायम गरिने छ । पहिलो किस्ता वापत कुल कवोल अंकको ५० प्रतिशतले हुने रकम सम्झौता हुनु अगावै बुझाउनु पर्ने छ र बाकी ५० प्रतिशत बराबर हुन आउने रकमको मिति २०८४ साल असार मसान्तसम्मको अवधिको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गको वाणिज्य बैंकको कार्य सम्पादन ग्यारेन्टी (परफरमेन्स वण्ड) पेश गर्नु पर्ने छ र उक्त ५० प्रतिशत बराबरको रकम २०८४ बैशाख मसान्त भित्र बुझाई सक्नु पर्नेछ र यसरी पुरै रकम बुझाई सकेपछि मात्र माथि उल्लेखित बैंक ग्यारेन्टि फुकुवा गरिनेछ । कुल कबोल अंकको एकमुष्ट रकम सम्झौताको समयमा नै अग्रीम बुझाएमा कबोल अंकको १० प्रतिशत सम्म छुट दिन सकिने छ ।

१० बोलपत्रदाताले आफूले वोल कवोल गरेको दररेट तथा कूल मूल्य प्रष्ट रुपमा अङ्क र अक्षरमा(केरमेट नगरी) उल्लेख गर्नु पर्नेछ । अङ्कमा केरमेट वा अस्पष्ट भएमा वा फरक उल्लेख भएमा अक्षरमा उल्लेख भएकोलाई मान्यता दिइनेछ ।

११ बोलपत्रमा अंक गणितीय त्रुटी पाईएमा नगरपालिकाले सो त्रुटी सच्याउंन सक्नेछ । त्यसरी त्रुटी सच्याउंदा इकाइ दर र कूल रकम वीच भिन्नता भएमा इकाइ दर मान्य हुनेछ ।

यम नारायण गौली
प्रमुख प्रशासकीय अधिकृत

१२ . बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, खरिद कारवाहीमा आफ्नो स्थार्थ नवाझिएको र पेशा सम्वन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा व्यक्त गरेको घोषणा कागजातमा अनिवार्य रुपमा हस्ताक्षर र फर्मको छाप लगाएको हुनु पर्नेछ । त्यसको विपरित पाईएमा प्रचलित कानून वमोजिम कारवाही हुनेछ ।

१३ . बोलपत्रदाताले पेश गरेको बोलपत्र सम्वन्धी विवरण तथ्यगत रुपमा झुट्टा वा सारभुत रुपमा अपुरो भएको पाईएमा सार्वजनिक निकायले कुनै पनि समयमा त्यस्तो बोलपत्रदाता अयोग्य ठहराई कालो सूचीमा राख्न कारवाही गर्न सक्नेछ ।

१४ . बोलपत्रको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिले १२० ( एक सय बिसे ) दिन हुनेछ ।

१५ सार्वजनिक निकायले यस बोलपत्र सम्बन्धी निर्णय गर्दा कुनै त्रुटी गरेको वा पालना गर्नु पर्ने कर्तव्य पालना नगरेकोले आफूलाई क्षती पुगेको वा पुग्न सक्ने स्पष्ट कारण र त्यस्तो कारणलाई पुष्ट्याई गर्ने कागजातको प्रतिलिपि समेत संलग्न राखी त्यस्तो निर्णयको पुनरावलोकनका लागि आशयको सूचना जारी भएको मिति देखि सात दिन भित्र सार्वजनिक निकायका प्रमुख समक्षै निवेदन दिन सक्नेछ । यस्तो निवेदन बोलपत्रदाता आफै उपस्थित भइ वा हुलाक, कुरियर मार्फत पठाउंन सकिनेछ । तर अन्य माध्यमवाट पठाएको निवेदन समय सीमा नाघे पछि प्राप्त भएमा त्यस उपर कारवाही हुने छैन ।

१६ . पुनरावलोकन सम्वन्धी निवेदन साथ निवेदक बोलपत्रदाताले आफूले कवोल गरेको रकमको ५ प्रतिशतले हुन आउंने रकम माथी वुंदा नं. २ मा उल्लेख भएको धरौटी खातामा नगद जम्मा गरेको भौचर वा कम्तीमा एक सय बिस दिन मान्य अवधि भएको बैंक जमानत पेश गर्नु पर्नेछ ।

१७ . बोलपत्रदाताले कुनै कुराको सम्वन्धमा द्विविधा उत्पन्न भै वुझ्नु परेमा नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

१८ . यसमा नपरेका अन्य कुराहरू सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ ( संसोधन सहित ) तथा अन्य प्रचलित कानून वमोजिम हुनेछ ।

याम नारायण गौली
प्रमुख प्रशासकीय अधिकृत

गोकर्णेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जोरपाटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

## बोलपत्र ग्राह्यता सम्वन्धी आधार तथा कागजातहरू

बोलपत्रदाताले बोलपत्र सम्वन्धी कागजातमा आफ्नो बोलपत्र ग्राह्यता (Eligibility) को आधार तथा त्यस्तो आधार प्रमाणित गर्न देहायका कागजातको प्रतिलिपि संलग्न गर्नु पर्नेछ ।

१. फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाण पत्र (आवश्यक समय सम्मको लागि नविकरण भएको)
२. मूल्य अभिवृद्धिकर दर्ता तथा प्यान दर्ता प्रमाणपत्र
३. आ.व.२०८१/०८२ सम्म कर चुक्ता गरेको प्रमाण वा सो अवधि सम्मको कर विवरण दाखिला गरेको प्रमाण
४. बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, खरिद कारवाहीमा आफ्नो स्थार्थ नवाभिएको र पेशा सम्वन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा व्यक्त गरेको कागजात

याम नारायण गौली
प्रमुख प्रशासकीय अधिकृत

## बोलपत्र मूल्यांकन सम्बन्धी आधार तथा तरिका

खरिद कारवाहीमा भाग लिन योग्य प्रस्तावदाताको प्रस्ताव देहायको आधार भित्र रही मूल्यांकन गरिनेछ ।

- बोलपत्रदाताले पेश गरेको बोलपत्रको पूर्णता परीक्षण पश्चात वित्तिय तुलना गरी प्राथामिकताक्रम निर्धारण गरिनेछ ।
- यस वाहेक सार्वजनिक खरिद ऐन, २०६३ ( संसोधन सहित ) तथा सार्वजनिक खरिद नियमावली २०६४ ( संसोधन सहित ) मा तोकिएका अन्य कुराहरुलाई समेत मूल्यांकनको आधारको रुपमा लिईनेछ ।

याम नारायण गौली
प्रमुख प्रशासकीय अधिकृत

गोकर्णेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जोरपाटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

## खरिद कारवाहीमा भाग लिन योग्य भएको घोषणा-पत्र

### जो जस संग सम्वन्ध राख्दछ ।

कुनै पनि किसिमको खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाझिएको र पेशा सम्वन्धी कसुरमा कुनै किसिमको सजाय नपाएको व्यहोरा घोषणा गर्दछु ।

वोलपत्रदाताको,

नामः

दस्तखतः

मितिः

फर्मको छापः

याम नारायण गौली
प्रमुख प्रशासकीय अधिकृत

# करारका सामान्य शर्तहरू

| | | | |
|---|---|---|---|
| १. | **शब्दावली (Terminology)** | | विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस करारमा [illegible] बमोजिम शब्दावलीलाई निम्नानुसार अर्थ लगाउने गरी प्रयोग गरिएका छन । |
| | १.१ | नगरपालिका भन्नाले | गोकर्णेश्वर नगरपालिका सम्झनु पर्दछ । |
| | १.२ | बोलपत्रदाता भन्नाले | बोलपत्र पेश गर्ने व्यक्ति, फर्म, कम्पनी वा सो को उत्तराधिकारी वा अधिकृत प्रतिनिधिलाई जनाउँछ । |
| | १.३ | करार भन्नाले | करारमा उल्लेखित शर्तहरू, बील अफ क्वाण्टिटिज (दस्तुर, शुल्क), , जमानत वापतको रकम र त्यसमा कवोल गरिएको मोल र सम्झौता समेतलाई जनाउँछ । |
| | १.४ | काम भन्नाले | करार अनुसार हुने ठेक्काको कार्यलाई जनाउँछ । |
| २ | **स्वीकृत बोलपत्रदाताको दायित्व** | | |
| | २.१ | काम पूर्ण रुपमा संतोषजनक हुनु पर्ने | करार बमोजिमको कार्य करारमा उल्लेखित शर्त एवं बील अफ क्वाण्टिटिज अनुसार पूर्ण संतोषजनक रुपले गर्नुपर्नेछ । |
| | २.२ | काम गर्नु पर्ने स्थान | गोकर्णेश्वर नगरपालिका क्षेत्र भित्र हुनेछ । |
| | २.३ | काम सम्पन्न गर्ने | तोकिएको समय सीमा भित्र कर संकलन सम्बन्धी रकम बुझाउनु पर्नेछ । |
| | २.४ | दररेट संशोधन हुन नसक्ने | करारमा उल्लेखित दररेटमा हेरफेर हुने छैन । |
| | २.५ | Clarifications on Bid | वोलपत्रको सम्वन्धमा नवुझेका कुराहरु नगरपालिकाले संकलन तथा विक्रीसँग सम्बन्धित काम गर्नेसँग लिखित रुपमा सोध्न सक्नेछ र सो को जवाफ संकलन तथा विक्रीसँग सम्बन्धित काम गर्नेले तुरुन्त दिनु पर्नेछ । जानकारी दिंदा वोलपत्रको मूल्य वा सारभूत कुरा परिवर्तन वा हेरफेर गर्न सकिने छैन । |
| ३ | **नगरपालिकाको दायित्व** | | |
| | ३.१ | कर संकलन गर्ने स्थान तथा आवश्यक सहयोग | कर संकलनमा बाधा भए सम्झौता बमोजिम भए गरे बमोजिमको कर संकलन सम्बन्धी काममा कुनै बाधा भएमा आवश्यक सहयोग गर्नु पर्नेछ । |
| ४ | **अन्य आवश्यक कुराहरु** | | |
| | ४.१ | अबधि थप | उचित र पर्याप्त कारण नभई समय थप हुने छैन । स्वीकृत बोलपत्रदाताले यथेष्ट कारणहरू खुलाई समय थप पाउनको लागि करारको अवधिभित्रै लिखित माग गरेमा औचित्यको आधारमा नियमानुसार अधिकार प्राप्त अधिकारीले म्याद थप दिन सक्नेछ । तर म्याद थप अधिकारको रुपमा स्थापित हुने छैन । |
| | ४.२ | हर्जाना वा धरौटी जफत | यस करार बमोजिम तोकिएको समयभित्र दरभाउ पत्रदाताले काम पूरा गर्न नसकेमा नियमानुसार हर्जाना रकम निजले पाउनु पर्ने बिल रकमवाट र नपुगेमा निजले राखेको धरौटी रकमवाट पनि कट्टा गरिनेछ । सो वाट पनि नपूग भएमा प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह मानी असूल उपर गरिनेछ । |

राम नारायण गौली
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| ४.३ | करार तोड्न सक्ने | (क) संकलन तथा विक्रीकर्ताले संकलन तथा विक्री कार्यमा कैफियत देखिएमा ।<br>(ख) संकलन तथा विक्रीकर्ताले सम्झौतामा उल्लेखित रकम तोकिएको समयमा नबुझाएमा<br>ग) नेपाल सरकारको कानुन उलंघन गरेमा/ कानुन बिपरित काम गरेमा । |
| ४.४ | करार तोडी अन्य व्यबस्था गर्न सकिने | करार तोडिएमा नगरपालिकाले हर्जाना स्वरुपको रकम नियम वमोजिम असूल गरिनेछ । |
| ४.५ | बादविवादको निपटारा | करार सम्वन्धी काममा वा उल्लेखित शर्तनामाको विषयमा स्वीकृत वोलपत्रदाता र नगरपालिकाबीच कुनै मतभेद भएमा, नगरपालिकाबाट नियुक्त अधिकृतले मध्यस्थता गरी मिलाई दिनेछ । मध्यस्थता गर्नेले दिएको निर्णय अन्तिम हुनेछ र सो निर्णयलाई दुबै पक्षले स्वीकार गर्नु पर्नेछ । यसरी दिएको निर्णय उपर चित्त नवुझेमा कानून वमोजिम पुनरावेदन गर्न सकिनेछ । |
| ४.६ | यसमा नपरेका अन्य कुराहरू | प्रचलित ऐन नियमानुसार हुनेछ । |

याम नारायण गौली
प्रमुख प्रशासकीय अधिकृत

मिति -.............

श्री गोकर्णेश्वर नगरपालिका
जोरपाटी, काठमाडौं ।

## विषय- बोलपत्र पेश गरेको सम्बन्धमा

त्यस नगरपालिकाबाट मिति......... गते सौर्य राष्ट्रिय दैनिकमा प्रकाशित भएको आ.व.२०८३ /०८४ को लागि बालुवा, माटो लगायत प्राकृतिक स्रोतहरुको निकासी कर सम्बन्धी आन्तरिक आय संकलनको ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी कार्यको लागि बोलपत्र आव्हवान गरिएको सूचना अनुसारको शर्तहरुमा उल्लेख भए अनुसारका सामाग्रीको निकासी कर संकलन बोलपत्र स्वीकृत भए पछि नगरपालिकाले आदेश दिएका बखत तोकिएको स्थान तथा समय भित्र निकासी शुल्क संकलन सम्बन्धी काम गर्न मेरो/हाम्रो इच्छा भएकोले सूचनामा उल्लेखित शर्तहरुको अधिनमा रही बोलपत्र फाराम भरी धरौटीको कागज र अन्य आवश्यक कागजातहरु यसैसाथ संलग्न गरी यो बोलपत्र फाराम भरी पेश गरेको छु / छौं ।

१. उल्लिखित सामानहरु निकासी कर संकलन बारेको सार्वजनिक सूचना र बोलपत्र फाराममा उल्लेख भए अनुसारका शर्तहरुको अधिनमा रही कार्य गर्न मेरो / हाम्रो मन्जुरी छ ।

२. उक्त बोलपत्रमा आफुले कवोल गरेको अंकको ५ (पाँच) प्रतिशतले हुने रकम यस नगरपालिकाको जोरपाटी स्थीत कृषि विकास बैंकमा रहेको धरौटी खाता नं स.अ.२१०८०११४६१५६०८३ मा जम्मा गरेको रु................ (अक्षरेपी ........................ ................................. मात्र) को बैंक भौचर / विडवण्ड यसैसाथ संलग्न गरेको छु/छौं । उक्त बिडबण्डको म्याद ............. सम्म रहेको छ । उक्त बोलपत्र स्वीकृत भएमा वोलपत्रका शर्तहरुमा उल्लेख भए अनुसार नै रकम जम्मा गरी सम्झौता गर्नेछु/छौं ।

वोलपत्र पेश गर्नेको नाम:.............................

संस्थाको प्रोप्राईटरको नाम : ........................

दस्तखत : ...................................................

ठेगाना : ......................................................

सम्पर्क फोन नं.: .............................................

फर्मको छाप:.................................................

याम नारायण गौली
प्रमुख प्रशासकीय अधिकृत

गोकर्णेश्वर नगरपालिका (यसपछि प्रथम पक्ष भनिएको) र ............................(यसपछि द्वितीय पक्ष भनिएको) वीच तल उल्लेखित शर्त अनुसार स्वीकृत विल अफ क्वाण्टिटिज वमोजिमका सामानहरुको निकासी शुल्क संकलन लगायतको काम गर्ने सम्वन्धमा दुवै पक्ष मन्जुर भई यो सम्झौतापत्रमा हस्ताक्षर गरी लियौं दियौं ।

नगरकार्यपालिकाको कार्यालय जोरपाटी, काठमाण्डौ बागमती प्रदेश, नेपाल

**सम्झौताका शर्तहरुः**

१. यो सम्झौता आधिकारीक हस्ताक्षर भएको मिति देखि मिति २०८४ असार मसान्त सम्म लागू हुनेछ ।

२. नगरपालिकाबाट तोकेको दररेट अनुसार नगरपालिकाले निर्णय गरेको यस सम्झौतामा उल्लेख गरेको दररेट अनुसार मात्र शुल्क वा दस्तुर संकलन गर्नुपर्नेछ ।

३. शुल्क तथा दस्तुर संकलनको लागि नगदी रसिद नगरपालिकाको कार्यालयले प्रमाणित गरी दोस्रो पक्षलाई उपलब्ध गराउने छ । नगरपालिकाबाट प्राप्त बिलको अर्धकट्टी बुझाई सकेपछि मात्र थप नयाँ विल जारी गरिनेछ ।

४. नियमानुसार कारोबारको लेखा राख्ने र कानुन बमोजिम बुझाउनु पर्ने कर तथा अन्य शुल्क बुझाउनु दोस्रो पक्षको दायित्व हुनेछ ।

५. बालुवा र माटोको निकासी प्रचलित वातावरणीय कानूनले तोकेको प्रकृया पूरा भई निकासी भएको सामानमा मात्र कर तथा शुल्क संकलन गर्नुपर्नेछ ।

६. दोस्रो पक्षले सम्झौता अनुसार कबोल गरेको रकम सूचनामा तोकिएको अवधि भित्र बुझाउनु पर्नेछ । अन्यथा प्रथम पक्षले यस प्रयोजनका लागि दोस्रो पक्षको तर्फबाट पेश गरिएको बैंक जमानतबाट रकम असुल उपर गर्नेछ ।

७. यो संझौता अन्तर्गत भएका कारोवारको प्रचलित कानून अनुसार तिर्नु पर्ने सम्पुर्ण करहरु द्वितीय पक्ष स्वयंले व्यहोर्नु पर्नेछ ।

८. बालुवा र माटोको निकासी कर, दस्तुर संकलन सम्बन्धी कामको प्रचलित कानुन र यस सम्झौतामा उल्लेखित सर्तको पालना गरे नगरेको सम्बन्धमा नगरपालिकाले अनुगमन गर्नेछ । पालना गरेको नपाइएमा प्रचलित कानुन बमोजिम कार्बाही हुनेछ ।

९. यो करार सामान्यतया माथी वुंदा नं. १ मा उल्लिखित अवधिको लागि हुनेछ । तर सो अवधि पछिको लागि अर्को ठेक्का व्यवस्था तत्काल हुन नसकेमा अर्को ठेक्का व्यबस्था नहुन्जेलसम्म बढीमा ३ महिना सम्म लागू गर्न सकिनेछ । यस अवधिका लागि जम्मा कबोल अंकको दामासाहीले प्रत्येक दिनको अंक गणना गरी न्यूनतम अंक कायम गरिनेछ ।

१०. यो करारमा उल्लेखित शर्तहरुको पालना गर्नु दुवै पक्षको दायित्व हुनेछ । दोस्रो पक्षको काम कारबाहीका कारणबाट प्रथम पक्षलाई कुनै नोक्सानी हुन गएमा उक्त क्षतिपूर्ति व्यहोर्ने दायित्व दोस्रो पक्षको हुनेछ ।

११. करार भंग हुन सक्नेः-

    १३.१ करारमा उल्लेखित शर्तहरुको परिपालना नगरेमा ।
    १३.२ करार वमोजिम कबोल अंक बुझाउन इन्कार गरेमा ।
    १३.३ प्रचलित कानुन बमोजिमको काम नगरेमा ।

१२. यो करार विचैमा तोडिएमा नगरपालिकाले अर्को व्यबस्था गरी काम गराउन सक्नेछ । यसरी काम गराउदा लागेको वढि रकम यो सम्झौता गर्ने द्वितीय पक्षले व्यहोर्नु पर्नेछ । साथै द्वितीय पक्षको कारणले ठेक्का तोडिएमा कालोसूचिमा राख्ने तर्फ कारवाही समेत हुन सक्नेछ ।

१३. यो करार सम्वन्धमा दुवै पक्ष विच मतभेद भएमा यस नगरपालिकावाट नियुक्त मध्यस्थकर्ताले मध्यस्थता गर्नेछ ।

याम नारायण गौली
प्रमुख प्रशासकीय अधिकृत

१७. करारका सामान्य शर्तहरु, करारका विशेष शर्तहरु, स्वीकृत विल अफ क्वाण्टिटिज लगायतका डकुमेन्टहरु यो करारको एक पार्टको रुपमा रहनेछ । जसको छांयाप्रति यसै करारनामा कागजमा संलग्न रहनेछ ।

१८. यो करार संग सम्वन्धित यसमा नपरेका कुराहरु नेपालको प्रचलित ऐन नियम अनुसार हुनेछ ।

गोकर्णेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जोरपाटी, काठमाण्डौ
बागमती प्रदेश, नेपाल

**आधिकारिक हस्ताक्षर:**

गोकर्णेश्वर नगरपालिकाको तर्फवाट
सहि:
नाम:
पद:
सम्पर्क फोन नं.:
मिति

आपूर्तिकर्ताको तर्फवाट
सहि:
नाम:
पद:
सम्पर्क फोन नं.:
मिति:

***साक्षी***

सहि:
नाम:
पद:
सम्पर्क फोन नं.:
मिति

सहि:
नाम:
पद:
सम्पर्क फोन नं.:
मिति:

मिति २०८३ साल .........महिना......... ... गते ...... रोज............ शभम् ।

याम नारायण गौली
प्रमुख प्रशासकीय अधिकृत

गोकर्णेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जोरपाटी, काठमाडौं

| |
|---|
| आ. व. २०८३ /०८४ का लागि यस नगरपालिका क्षेत्र भित्र बालुवा, माटो लिई गुड्ने सवारी साधनहरुसँग नगरपालिकाबाट तोकिएको सर्तहरुको अधिनमा रही कर संकलन गर्न आन्तरिक आय सम्वन्धी ठेक्का बन्दोबस्त गर्ने सम्वन्धी बोलपत्र फाराम |
| **बिल अफ क्वाण्टिटिज २०८३ /०८४** |
| **न्यूनतम कबोल अंक १,५०,००,०००/- (अक्षेरुपी एक करोड पचास लाख भ्याट बाहेक )** |

| सि. नं. | विवरण | दर | इकाई | मू. अ. कर बाहेक एकमुष्ट दर रु ( अंकमा) | मू. अ. कर सहित एकमुष्ट दर रु (अंकमा) | जम्मा रु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| **A** | **B** | **C** | **D** | **E** | **F** | **G** | **H** |
| १ | बालुवा, ढुंगा, चुनढुंगा, खरिढुंगा, गिट्टी, ग्राभेल, रोडा । | बागमती प्रदेश सरकारको आ.व २०८३/८४ को आर्थिक ऐनमा उल्लेखित दररेट बमोजिम हुने । | घनफिट | | | | |
| २ | माटो । | | | | | | |
| | | | | | जम्मा रु | | |
| | | | | | | | |
| | | मूल्य अभिबृद्धि कर १३ प्रतिशत | | | | | |
| | | अग्रीम आय कर कट्टी रकम | | | | | |
| | | कूल जम्मा रु | | | | | |

कूल जम्मा कबोल अंक अक्षरमा (मूल्य अभिवृद्धि लगायतको कर सहित) ..............................।

दस्तखत:

फर्मको नाम:

स्थायी ठेगाना:

सम्पर्क नम्बर:

सम्पर्क ठेगाना:

मिति:

संस्थाको छाप:

याम नारायण गौली
प्रमुख प्रशासकीय अधिकृत